# एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको

## तेह्रौं वार्षिक साधारणसभाको काम कारवाहीको विवरण

## (माइन्यूट)

**१. वैधानिक सभा :**

एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८२/१२/०३ गते बसेको सञ्चालक समितिको १८५औं बैठकको निर्णय अनुरुप कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावलीमा भएको व्यवस्था बमोजिम उल्लेखित मिति, स्थान र समयमा संस्थाको तेह्रौं वार्षिक साधारण सभा संस्थाका अध्यक्ष श्री कृष्ण दत्त भट्टराईज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय :**

**मिति :** २०८२ साल चैत्र २५ गते, बुधवार (तदनुसार ८, अप्रिल २०२६)

**समय :** बिहान १०:०० बजे

**स्थान :** होटल सिटि स्क्वायर प्रा.लि., पोखरा-८, न्यूरोड, कास्की

**३. सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र बैंकको नियमावलीको नियम १८ बमोजिम तेह्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन, आ.व.२०८१/८२ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु सहितको सूचना प्रथम पटक मिति २०८२ चैत्र ४ गतेको कारोवार राष्ट्रिय दैनिकमा र दोश्रो पटक मिति २०८२।१२।१० गतेको अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गर्नुका साथै संस्थाको वेबसाईट www.nmbmicrofinance.com मा समेत राखिएको थियो ।

**४. छलफलका विषयहरू**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आ.व.२०८१/०८२ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८२/०८३ को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४. एनएमबि बैंकबाट यस लघुवित्तमा सञ्चालकको रुपमा प्रतिनिधित्व गर्ने प्रतिनिधि सञ्चालकको नियुक्ति अनुमोदन गर्ने सम्वन्धमा ।

लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय NMB Laghubitta Bittiya Sanstha Ltd.

(ख) **विशेष प्रस्तावहरु**

१. यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडी बढाउन उपयुक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा ।

२. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग) विविध ।

## ५. उपस्थिति :

### ५.१ शेयरधनीहरुको उपस्थिति

**(क) समुह "क" संस्थापक शेयरधनीहरुको उपस्थित संख्या : १**

**(ख) समुह "ख" सर्वसाधारण शेयरधनीहरुको उपस्थित संख्या : १७**

**(ग) जम्मा उपस्थित शेयरधनी संख्या : १८**

### ५.२ कम्पनी ऐन, २०७३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु:

(क) श्री कृष्ण दत्त भट्टराई - अध्यक्ष/सञ्चालक, प्रतिनिधि- एनएमबि बैंक लि.
(ख) श्री दिनेश दुलाल - सञ्चालक, प्रतिनिधि- एनएमबि बैंक लि.
(ग) श्री श्रीजेश घिमिरे - सञ्चालक, प्रतिनिधि- एनएमबि बैंक लि.
(घ) श्री रोशन रेग्मी - सञ्चालक, प्रतिनिधि- एनएमबि बैंक लि.
(ङ) श्री सविता सापकोटा - सञ्चालक- सर्वसाधारण
(च) श्री जितेन्द्र वाहेती - सञ्चालक- सर्वसाधारण
(छ) श्री हरि गोपाल अधिकारी - स्वतन्त्र सञ्चालक

### ५.३ अन्य पदाधिकारीहरुको उपस्थिति :

(क) श्री सजल खड्का – का.मु. प्रमुख कार्यकारी अधिकृत
(ख) श्री सूर्य बहादुर थापा – कम्पनी सचिव
(ग) श्री राम प्रसाद भण्डारी – प्रवन्धक
(घ) श्री प्रविन प्रजापति – प्रवन्धक
(ङ) श्री आनन्दराज पौडेल - प्रमुख, शाखा सञ्चालन तथा सामान्य प्रशासन विभाग
(च) श्री प्रकाश रावल – प्रमुख, व्यवसाय बिभाग
(छ) श्री ऋषिराज परियार - प्रमुख, कर्जा असुली विभाग
(ज) श्री श्याम थापा - प्रमुख, केन्द्रीय अनुगमन बिभाग
(झ) श्री अर्जुन गौतम - प्रमुख, आन्तरिक लेखा परिक्षण बिभाग
(ञ) श्री प्रदिप प्रसाद पौडेल - प्रमुख, सिएसआर/सिपिएफ विभाग
(च) श्री कृष्ण प्रसाद नेपाल -प्रमुख, बचत तथा केन्द्र व्यवस्थापन विभाग

५.४ अन्य उपस्थिति :

(क) श्री राजिव रञ्जित - प्रतिनिधि, एनएमबि बैंक

६. गणपुरक संख्या र सभाको बैधानिकता :

| कुल शेयधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व ( संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| २१,४६० जना | १८ जना | ३६,८२,२९८ कित्ता | ५१.०४ प्रतिशत |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा ५० प्रतिशत भन्दा बढी ५१.०४ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा सञ्चालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराए पछि सभाको कार्यक्रम शुरु भयो ।

७. सभाको सभापतित्व र सभा सञ्चालन :

तेह्रौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरी दिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री कृष्ण दत्त भट्टराईज्यूलाई अनुरोध गर्नु भए बमोजिम उहाँले सभाको सभापतित्व गर्नुभयो । सो पश्चात सभाको सम्पूर्ण बैधानिकता पुरा भएको हुँदा सभाका सभापतिज्यूको अनुमतिले वार्षिक साधारण सभाको कार्यक्रम विधिवत रुपमा प्रारम्भ भयो ।

८. संस्थाका का.मु. प्रमुख कार्यकारी अधिकृतज्यूवाट मन्तव्य :

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सजल खड्काज्यूले संस्थाको तेह्रौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका अतिथिहरु, शेयरधनी महानुभावहरु तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक अभिवादन गर्दै संस्थाले विगतका दिनहरुमा विभिन्न चुनौतीहरुको सामना गर्नु परेता पनि हाल परिस्थिती अनुकुल हुँदै गएको र व्यवसाय विस्तार पनि सोही अनुरुप भएकोले आगामी दिनमा व्यवसायका सुचाङ्कहरुमा अझ प्रभावकारी नतिजा देखिने बताउनुभयो ।

९. सभाका सभापतिज्यूबाट सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभाका सभापति श्री कृष्ण दत्त भट्टराईज्यूले शेयरधनीहरुलाई सम्बोधन गर्दै सञ्चालक समितिका तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८२ आषाढ मसान्तको वासलात, मिति २०८१ श्रावण १ गतेदेखि मिति २०८२ आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्बन्धित अनुसूचीहरु छलफलका लागि सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

लघुवित्त वित्तीय संस्था लि.

१०. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति र छलफल :**

छलफलको क्रममा भाग लिने शेयरधनी महानुभावहरुले देहाय अनुसार जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**(क) श्री राजिव रञ्जित :**

- उहाँले सभामा बोल्न दिएकोमा धन्यवाद व्यक्त गर्दै, साधारण सभालाई पौष मसान्तभित्र सम्पन्न गर्न सुझाव दिनुभयो । साथै, कुनैपनि संस्थामा लगानी गर्ने लगानीकर्ताले प्रतिफलको अपेक्षा गर्ने भएको हुँदा यस आर्थिक बर्षमा सो कुरालाई मनन् गरी कार्य गर्न सुझाव दिनुभयो ।

**(ख) श्री केशवशरण पौडेल**

- उहाँले यस आर्थिक बर्षमा बोनस बितरण गर्न नसकेको वारे चासो राख्दै आगामी आर्थिक बर्षमा बोनस बितरण गर्ने गरी कार्य गर्न र साधारण सभा आर्थिक बर्षको पहिलो छ महिना भित्र सम्पन्न गर्ने बिषयमा ध्यानाकर्षण गर्नुभयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभाअध्यक्षज्यूबाट भएको सम्वोधन :**

शेयरधनी महानुभावहरुले आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण तथा संस्थाको क्रियाकलापका सम्बन्धमा सुक्ष्म विश्लेषण गरेर दिनुभएका महत्वपूर्ण एवं सकारात्मक सुझाव तथा सल्लाहका लागि धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासाहरुको सम्बन्धमा सभा अध्यक्षज्यूबाट निम्न बमोजिम स्पष्ट पार्नु भयो ।

- साधारण सभा बिगतको बर्षहरुको भन्दा यसबर्ष अलि अगाडि गर्न सकिएको र आगामी दिनमा शेयरधनि महानुभावहरुको सुझाव अनुसार पहिलो ६ महिना भित्रै सम्पन्न गर्ने गरी आवश्यक कार्य अगाडी बढाउने बताउनुभयो ।

- वित्तीय संस्थाको नाफा तथा प्रतिशेयर आम्दानीमा ध्यान आकर्षित गर्नुहुने शेयरधनिलाई धन्यवाद दिदै यस आर्थिक बर्षमा शेयरधनिहरुलाई लाभाशं वितरण गर्ने सक्ने हिसावले व्यवसायिक मुनाफा आर्जन गर्ने गरी रणनीति तय गरिएको, बजारको अवस्था पनि सहज हुँदै गएको र व्यवस्थापनले पनि सोही बिषयलाई ध्यानमा राखी कार्य गरी रहेकाले चालु आ.व.मा बितरण योग्य मुनाफा आर्जन हुने बिश्वास व्यक्त गर्नुभयो ।

११. **सभाको छलफल तथा निर्णयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. **निर्धारित विषय सूची –(क) (१) अन्तर्गत** आ. व. २०८१/०८२ को सञ्चालक समितिको तेह्रौं वार्षिक प्रतिवेदन सभामा प्रस्तुत भई सो प्रतिवेदन माथि विस्तृत छलफल समेत भईसकेकोले पारित गरियोस् भनि अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले सभालाई अनुरोध गर्नुभएकोमा सभाले संस्थाको तेह्रौं बार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्‍यो ।

२. **निर्धारित विषय सूची –(क) (२) अन्तर्गत** आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण एवं सो संग सम्बन्धित अनुसूचीहरु पारित गरियोस् भनी अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित विवरणहरु सर्वसम्मतिले पारित गर्‍यो ।

३. **निर्धारित विषय सूची –(क) (३) अन्तर्गत** आ.व. २०८१/०८२ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव रहेकोमा कम्पनी ऐन, २०६३ दफा १११ बमोजिमको आर्थिक वर्ष २०८२/८३ को बाह्य लेखापरीक्षण, Statutory Audit Including LFAR, Tax audit, all Certification as per Company act, कम्पनी ऐन दफा ७८ बमोजिमको विवरण, नेपाल वित्तिय प्रतिमान (NFRS) अनुसारको वित्तिय विवरण तयार र DCGF Certification, निक्षेप तथा कर्जा सुरक्षण निगमलाई पठाउने कागजपत्र प्रमाणीत गर्न नियुक्ति अवधि भित्र संस्थालाई आवश्यक पर्ने विभिन्न प्रमाणित कार्य भए सो समेत गर्नको लागि योग्य लेखा परिक्षकको प्रस्ताव गरिएकोमा ती मध्ये समग्र विषयमा उपयुक्त रहेका श्री NBSM & Associates लाई लेखा परीक्षण शुल्क कर बाहेक ५,००,०००। ( पाँच लाख मात्र) तथा यातायात खर्च (चार्टर एकाउन्टेन्ट लेखापरिक्षकलाई हवाई यातायात भाडा र सहायक लेखापरिक्षकलाई बस भाडा खर्च) र दैनिक भ्रमण भत्ता चार्टर एकाउन्टेन्ट लेखापरिक्षकलाई रु २,२००। प्रति कार्यदिन र सहायक लेखापरिक्षकलाई १,७००। प्रति कार्यदिन दैनिक भ्रमण भत्ता तथा यातायात खर्च समेत गरी भएको जम्मा खर्च वाहेक अन्य खर्च नव्यहोर्ने गरी आ.व.२०८२/८३ को वाह्य लेखापरिक्षक नियुक्तिका लागि नियुक्तिका शर्तहरु निर्धारण गरी समितिबाट सिफारिस भई आएकोले लेखापरीक्षकको नियुक्ति गर्नको लागि अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिव सूर्य बहादुर थापाले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

४. **निर्धारित विषय सूची –(क) (४) अन्तर्गत** एनएमबि बैंकबाट यस संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुहुने प्रतिनिधि सञ्चालक श्री दिनेश दुलाल ज्यूलाई आगामी कार्यकालका लागि निरन्तरता दिने ब्यहोरा सहितको पत्र प्राप्त भए अनुसार संस्थाको सञ्चालक समितिको मिति २०८२/०९/२३ गतेको १८३औं बैठकले श्री दिनेश दुलालज्यूलाई आगामी कार्यकालको लागि निरन्तरता दिने निर्णय गरेकोले सो निर्णय पारित गरियोस् भनि अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले सभालाई अनुरोध गर्नुभएकोमा सभाले सो प्रस्तावलाई सर्वसम्मतिले पारित गऱ्यो ।

**(ख) विशेष प्रस्ताव :**

१. **निर्धारित विषय सूची –(ख) (१) विशेष प्रस्ताव अन्तर्गत** यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासंग गाभ्ने/गाभिने वा प्राप्ति(Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडी बढाउन उपयुक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने; गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले सभा समक्ष प्रस्ताव गर्नु भएको सो प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. **निर्धारित विषय सूची –(ख) (२) विशेष प्रस्ताव अन्तर्गत** वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) कुनै संशोधन

फेरबदल वा परिमार्जनकालागि सुझाव वा निर्देशन भएमा सोही अनुरुप गर्न गराउन सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो ।

अन्य प्रस्ताव प्राप्त नभएको ब्यहोरा कम्पनी सचिवबाट सभालाई जानकारी भयो ।

१२. **सभा अध्यक्षज्यूबाट सभाको विसर्जन :**

सभाको अन्त्यमा अध्यक्षज्यूले तेह्रौं बार्षिक साधारण सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, यस संस्थालाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेञ्ज तथा विभिन्न बैंक, शेयर रजिष्ट्रारवाट पाल्नु भएका प्रतिनिधि, वित्तीय संस्थाबाट आमन्त्रित अतिथिहरु र सभालाई शान्त वातावरणमा सभ्य र भव्य रुपमा सञ्चालन गर्न सहयोग गर्ने वित्तीय संस्थाको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाको उच्च प्रशंसा गर्नुभयो । साथै, पूर्व तथा वर्तमान सञ्चालकहरुज्यूले यस संस्थामा रहेर पुऱ्याउनु भएको योगदानको कदर गर्दै आजको यस गरिमामय तेह्रौं बार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

..................
(सूर्य बहादुर थापा)
कम्पनी सचिव

..................
(कृष्ण दत्त भट्टराई)
सभाको अध्यक्ष/सञ्चालक